# सार्वजनिक परिपत्र

**१. सार्वजनीक परिपत्र भनेको के हो ?**

ऐनको कार्यान्वयनमा एकरुपता ल्याई ऐनबाट प्रभावित व्यक्ति एवं कर प्रशासनलाई व्याख्या गरी सरल बनाउने उद्देश्यले जारी गरिने लिखतलाई सार्वजनिक परिपत्र भनिन्छ ।

**२. सार्वजनिक परिपत्रको कानूनी हैसियत के हुन्छ ? के यसले ऐन, नियमलाई काट्न सक्दछ ?**

ऐनको व्याख्या सहित जारी गरिएको हुँदा यसलाई कानूनी मान्यता प्राप्त हुन्छ । सो सार्बजनिक परिपत्रलाई बिभाग स्वयंले रद्द नगरेसम्म र अदलतले अन्यथा व्यबस्था नभएको अबस्था सम्म लागू भइरहन्छ । ऐन नियम अन्तर्गत र सोही द्धारा प्रदत्त अधिकार प्रयोग गरी सार्वजनिक परिपत्र बन्ने भएकोले सार्वजनिक परिपत्रले ऐन नियमलाई काट्न वा नाघ्न सक्दैन ।

**३. के कर अधिकृतहरु आन्तरिक विभागले गरेको सार्वजनिक परिपत्रहरू मान्न बाध्य हुन्छन् ।**

विभागले जारी गरेको सार्वजनिक परिपत्र रद्द नभए सम्म कार्यरत कर अधिकृतहरु सार्वजनिक परिपत्र मान्न बाध्य हुन्छन् । यो एउटा बिभागीय कानूनी व्याख्याको धारण परिपत्र हो ।

**४. मलाई सार्वजनिक परिपत्रको विषयवस्तुमा चित्र नबुझे के गर्न सक्दछु ? करदाताको हैसियतले के म यो परिपत्रको अन्तर्वस्तुसँग सहमत हुन बाध्य छु ?**

सार्वजनिक परिपत्रका विषयवस्तुमा चित्त नबुझे कानूनी उपचारमा जान सक्नु हुन्छ । सार्वजनिक परिपत्रको अन्तर्वस्तुसँग सहमत हुन नसकेमा कानूनी उपचारको बाटो प्रयोग गर्नु पर्दछ । कानूनी उपचारको जरियामा निर्णय नभए सम्म मान्न बाध्य हुनु पर्दछ ।

**५. सार्वजनिक परिपत्रहरु के राजपत्र वा गोरखापत्रमा प्रकाशित हुन्छन् ? यदि हुदैनन् भने मैले यो कहाँबाट उपलब्ध गर्न सक्दछु ?**

सार्वजनिक परिपत्रहरू राजपत्र वा गोर्खापत्रमा प्रकाशित हुँदैनन् । आन्तरिक राजस्व विभागले नियमित रुपमा प्रकाशित गर्ने परिपत्र संग्रह, विभागको वेबसाईट र वस्तुगत संघ संस्थाहरुमा पनि उपलब्ध गराइएको हुने हुँदा त्यहाँबाट पनि प्राप्त गर्न सक्नु हुन्छ ।

**६. सार्वजनिक परिपत्रहरु के आन्तरिक राजस्वविभागको को वेभसाइटमा पनि राखिएको हुन्छ ?**

सार्वजनिक परिपत्रहरु विभागको वेवसाईटमा पनि राखिएको हुन्छ ।